# द गोसपेल ट्रम्पेट




बर्ष १ अंक १, 'चर्को गरी करा, नथाम, तुरिहीको आवाज जस्तै उच्च स्वरले करा'यशै ५८:१, जनवरी- फेब्रवरी २०१०

महानगरी बेबिलोनको पतन भयो, यो महानगरी भुतहरुको बासस्थान, हरेक अशुद्ध आत्मा, र हरेक अशुद्ध तथा घृणित पंक्षीको अखडा भएको छ।

प्रकाश- १८:२



*त्यहाँबाट निस्केर आऊ, मेरा मानिसहरु हो !*

# गोस्पेल ट्रम्पेट प्रकाशन लिमिटेड

## साम्प्रादायिकक्करण विरुद्धको पवित्र पत्र

*सम्पादक:* ब्रदर बिनोद कुमार मण्डल (Bro. Binod Kumar Mandal)

*अंग्रेजी बिभाग:* सिस्टर सुसन मुच्च (Sis. Susan Mutch)

ब्रदर डानियल एचेल बरगर (Bro. Danil Eichelberger)

ब्रदर डानियल ल्यान ( Bro. Danil Layne)

*जर्मनी बिभाग:* सिस्टर डोरेन टोभ्सटिगा ( Sis. Doreen Tovstiga)

*रसियन बिभाग:* ब्रदर वाल्डमर एनसेलेम ( Bro.Waldemar Anselm)

यो ठिक, उग्र, गैर-सम्प्रदायिक, पवित्र पत्र परमेश्वरको नाममा प्रकाशित गरिएको हो । यसको प्रमुख उद्देश्य खिष्टद्धारा आत्मा पवित्र पार्ने र आध्यात्मिक वेविलन ( झुठो धर्म) को भण्डाफोर गर्ने हो । हामीलाई आशा छ, यो पत्रले धारिलो हतियारको रुपमा काम गरी आध्यात्मिक अन्धकारलाई चिर्नेछ ।

**बाइबलले सिकाउँछ :**

| | |
|---|---|
| दैविक दु:ख र पश्चताप | प्रेरित ३:१९, १७:३० २ कोरिन्थी, ७:१० |
| नयाँ जन्म- एक आमुल परिवर्तन | युहन्ना ३:३-७ |
| पापबाट मुक्त/पवित्र जीवन | १:युहन्ना, ५:१८, लुका १:७३-७५, तीतस २:११-१२ |
| पुर्ण पवित्रता/दोश्रो सुद्धिकरण | १ थेसलोनिकी ५:२३, प्रेरित १५:८-९ |
| परमेश्वरका मानिसहरुको एकता/एक चर्च | युहन्ना १७:२१, मती १६:१८ |
| दैविक चंगाइ | याकुब ५:१४-१५, यशैया ५३:५ |
| नियम | मती २८:१९-२०, यहुन्ना १३:१४-१५, १ कोरिन्थी ११:२३-२६, रोमी १६:१६ |
| सादा पोसाक | व्यवस्था २२:५, १ तिमोथी २:९-१०, १ कोरन्थी ११:१४-१५ |
| विवाहको पवित्रता | मती १९:५-६, मर्कूस १०:११-१२, लुका १६:१८, रोमी ७:२-३ |
| अहिंसा | लूका ३:१४, ६:२७-२९, १८:२० |
| पुर्नस्थापना(तुरहीको सातौ धुन) | प्रकास १०:७, ११:१५ |
| अनन्तको सजाय अथवा पुरस्कार | मती २५:४६ |

यो प्रकाशित कृति पवित्र मनले अर्पित सहयोगबाट सञ्चालित छ । तपाईका लेख, रचना, कविता, प्रमाणहरु र प्रश्नहरुलाई हामी स्वागत गर्छौं र त्यसलाई सम्पादन मण्डलको छनौटमा प्रकासित गरिनेछ। बाइबलको उद्धरण 'किङ्ग जेम्स भर्सन'बाट लिइएको हो । कुनै पनि लेख रचनालाई सम्पादन गरेर छाप्ने वा नछाप्ने अधिकार हामीमा सुरक्षित छ । हाम्रो प्रकाशनमा प्रकासित लेखहरु सत्यताको गहिराइमा आधारित हुन्छ र त्यसलाई लेखकको प्रसंसाको आधारमा बुझ्न हुँदैन । 'द गोस्पेल ट्रम्पेट' कम्पनीको र यसका सहायक संस्थाहरु -जनरल मिनिस्टेरियल बडी अफ द चर्च अफ गड' अन्तर्गत छन् ।

**ठेगाना**
चर्च अफ गड
मैजुबहाल , चावहिल
पोष्ट बक्स नं. १९०८७, काठमाण्डौ , नेपाल

मोवाइल नं. ००९७- ९८४१३१५४७४
इ-मेल : *churchofgodnepal@gmail.com*
*editor@thegospeltrumpet.com*
**www.churchofgod.net**

# सम्पादकीय

गलत धर्मले फैलाएको अकल्पनिय झुठ र फटाइको खण्डन र निन्दा गर्ने शब्दहरु हामीसँग अपुरा छन् । यस्ता गलत धर्महरु पृथ्वीका सबैभन्दा विनाशकारी शक्ति हुन् ।

कृपया, मुलधारको क्रिस्चियन धर्मको लागि यशुखिष्टलाई आरोप नलगाऔं । योसँग प्रभुलाई केही लिनुदिनु छैन । हामी संसारका सबै मानिहरुलाई माया गर्छौं र उपसमुहहरुको अध्ययन गर्छौं । त्यसैले कुनै पनि उपसमुहरुलाई पूर्वाग्रहले हेर्नुको कुनै आवश्यकता छैन ।

यदि तपाई प्रभुको आँखाबाट वास्तवमा डिनोमिनेसनन्यालिज्म के हो हेर्नुभयो भने शैतानले बनाएको, पापले भरिएको, प्रभुले अपहेलना गर्नु भएको धर्मलाई सम्बोधन गर्न खोजेको हाम्रो प्रयासलाई तपाईले बुझ्नु हुनेछ । प्रभुले यसलाई यसरी हेर्नु भएको छ - ' महानगरी बेबिलोनको पतन भयो, यो महानगरी भुतहरुको बासस्थान, हरेक अशुद्ध आत्मा, र हरेक अशुद्ध तथा घृणित पंक्षीको अखडा भएको छ ।
' प्रकास १८:२ (ख)

त्यस्तो ठाउ जहाँ दुष्टआत्माहरुको बासस्थान छ । त्यस्तो पिंजडा जसले घृणित र अशुद्ध आत्माहरुलाई समातेर राखेको छ ।

ओहो ! त्यो कस्तो जादु हो जसले यत्रा धेरै मानिसहरुलाई अन्धो बनाएको छ । तिनीहरु अन्धभक्त भएर शैतानको अड्डालाई सुरक्षा दिइ र हेछन् । बास्तबमा, हाम्रो बाटो सजिलो हुने थियो यदि तिनीहरुको अवस्थाको मुकदर्शक भएर स्वर्गको ज्योतिमा आनन्द दिएको भए । हाम्रो द्वन्द्वको अन्त्य अन्त्चय हुने थियो र साथीहरु बढ्ने थिए । उनीहरुलाई एक्लै छाड्न? उनीहरुलाई के का लागि एक्लै छाड्नु? पापको बाटोमा ? के गलत पथप्रदर्शकहरुसँग छोड्नु जसको गैर बाइबल सिकाइले उनीहरुलाई खिष्ट भन्दा र अमरत्वबाट टाढा राखोस् ?के उनीहरुलाई उनीहरुको बलिर हेको घरमा निदाइरहन दिनु? प्रिय मित्रहरु उनीहरुलाई यस्तो अवस्थामा छोड्नु ठूलो पाप हुनेछ । हामी उनीहरुलाई यो अवस्थामा छोड्ने कुरा कल्पनासम्म पनि गर्न सक्दैनौ । प्रभुले हामीलाई निर्देशन दिनुभएको छ-'सक्दो स्वर मच्चाएर चिच्याउ, नरोक उठाउ तिम्रो स्वर तुरहीको ध्वनी झै ।' कुनै पनि व्यक्ति जो प्रमुखको ज्ञानले सिंचित छ, ऊ, दशौं हजार मानिसहरुलाई भ्रमको पिंजडामा थुनिएर रहेको कसरी चुप लागेर हेर्न सक्छ ?

म प्रभुसँग प्रार्थना गर्छु कि प्रभु हामीलाई बाबेल सम्प्रदायलाई ध्वस्त पार्ने शक्ति दिनुस् ताकि हामी वावेललाई दुष्टआत्माहरुको कब्जाबाट मुक्त गर्न सकौं । *सम*

# गवाहीहरु र पत्रहरु

## मैले प्रभुको सुन्दरता देखें

प्रभुको स्तुति गर ! प्रभुले मलाई पुर्ण मुक्त गरिदिनु भयो जसको कारण म उत्साहित छु। पश्चिम मिल्टन, ओहियोमा भएको क्याम्प भेलामा मेरो आत्मा एक पल्ट फेरी शुद्ध भयो । यसले मलाई भजनसंग्रहकर्ता सँगै प्राथना गर्न हौसला दियो । मैले प्रभुको बारेमा इच्छाएको एउटा कुरा भनेको उहाँको घरमा बासबस्ने, उहाँलाई राम्ररी हेर्ने र उहाँको बासस्थानको अध्ययन गर्ने' भजनसंग्रह- २७:४

म पुण विस्वस्त भएर भन्न सक्कछु कि मेलै उहाँको मन्दिरमा आत्मिक ज्ञान पाए जुन प्रभुको गिर्जाघर थियो ।

यहाँ धेरै मानिसहरु छन् जो मलाई प्रभुबाट टाढा राख्ने कोशिष गर्छन् । तर म प्रभुमा दिन छु र जीवन भर रहने छु । र मलाई थाहा छ प्रभुले नै लोभीका सन्तानहरुलाई शुद्ध पानुभएको हो । मालाकी-३:३

सुन र चाँदिलाई जसरी आगोमा गालेर पवित्र पारिन्छ त्यसरी नै म पवित्र बन्न चाहन्छु । म स्वगृको ढोका बन्द गर्न चाहन्न जुन मेरो गन्तब्य हो । हामी पवित्र ग्रन्थहरुको महत्व उक्त भेलाबाट अझ बढी पुष्टि भएको महसुस गऱ्यौं । अध्यारो र धुमिएको दिनमा छरिएकाहरुलाई प्रभुले एकक्रित गरेको पनि हामीले देख्यौ । जसरी भेडा गोठालाहरुले आफ्ना भेडाहरुलाई एकत्रित पारेर सुरक्षित स्थान तिर लान्छन् त्यसरी नै म पनि अध्यारोमा रुमलिएकाहरुलाई सुरक्षित गन्तब्यमा लानेछु । म उनीहरुलाई भ्रमबाट मक्त पारी पवित्र इजरायलको पानी श्रवण गराउछु । म उनीहरुलाई पवित्र इज रायलका पहाडहरुको आस्वादन गराउने छु र प्रभको साक्षात्कार गराउने छु । इजकिएल-३४:१२-१५

साच्चै वाइवलमा भनिएका कुराहरु पुष्टि भइ रहेका छन् जसरी मती-२४:३७-३८ मा भनिएको छ 'नोआको दिनहरुको जस्तै घटना अहिले पनि हुनसकछ । नोआ आर्कमा बस्नु पुर्वको मानिसहरुको जीवन र अहिलेको जीवनमा केहीभिन्नता छैन । अहिले जसरी हामी खाने, पिउने, बिबाह गर्ने गर्छौ त्यति खेर पनि त्यही हुन्थ्यो । अहिले मानिहरु शारीरिक सुखमा लिप्त भएको देखिन्छन् यद्यपी प्रभुको पुनरागमन निश्चित छ । तर हतास हुनुपर्ने त्यस्तो केही छैन । जसरी प्रभुले आफ्ना प्रिय भक्तहरुलाई नोआको आर्कमा शरण दिनुभएको थियो त्यसरी नै हामीलाई पनि सुरक्षा दिनुहने छ । स्मरणीय रहोस् त्इतिखेर एउटै आर्क थियो त्यसरी नै अहिले पनि एउटै स्थान मात्र छ । प्रभको गिर्जाघर जहाँ प्रभुले आफ्ना भक्तहरुलाई जम्मा पारिराख्न भएको छ । हामीले के देख्यौ, के अनुभव गऱ्यौं, सब शब्दमा व्यक्त गर्न सकिन्दैन तर हामी फिलिपको शब्दमा भन्दौ 'आऊ र हेर !' युहन्ना-१:४६

प्रभुको कृपाले म जीवनको अन्त्यसम्म सहन गर्नेछु । म वहाँको सरणमा पर्ने छु ।

सिस, मेरिया विलर,
मेनिटोवा, क्यानडा

## तपाईको प्रयास प्रसंसनिय छ ।

धेरै बर्ष पहिले म एसोनाडामा भएको बेला तपाईका मित्रहरुले म लगायत स्थानिय क्लबमा आएका मानिसहरु र त्यहाँ काम गर्ने महिलाहरुलाई सामाग्री बाडेको प्रत्यक्ष देख्न पाएँ । तपाईहरुको काम सह्रानिय छ । यसले मानिसहरुलाई सहि बाटोमा ल्याउन गरेको तपाईहरुको प्रयासलाई पुष्टि गर्छ । हिजो राति तपाईहरुले दिएको ब्राउचर पाए खुशी लाग्यो र यस्तो कार्य जारी राख्ने सल्लाह दिन्छु ।

*वेभसाइट*

## तपाईहरु साच्चैको क्रिच्चियन हुनुहुदोरहेछ

म प्रभुको गिर्जाघरलाई माया गर्छु । तपाईहरु साच्चैको क्रिश्चियान हुनुहदो र हेछ । म र मेरी श्रीमतीका लागि प्रर्थना गरिदिनु ।

*वेभसाइटमा*

## उनीहरुले जान्ने बेला आएको छ ।

मैले भर्खर मात्रा गोस्पेल ट्रम्पेट प्राप्त गरे । तपाईहरुको प्रायासलाई समर्थन गर्न म यो पत्र लेख्दैछु । यद्यपी मैले तपाईहरुको वेभसाइटमा यो म्यागिजन पढिसकेको छु । मैले यो म्यागजिन मेरा कर्मचारीहरु र बिद्यार्थीहरुलाई बाडिसकेको छु । अव प्रभुको बारेमा जान्ने बेला तिमीहरुको आएको छ। कृपया पठाइर हनु होला

ओग्वेस ओकेकी,
साउथ अफ्रिका

## नेपाली ट्रायाक

प्रिय दाजुहरु र दिदीहरु,

केही दिन पहिले कार्यालय जाने क्रममा केही मानिसहरुले नेपालमि लेखिएका धार्मिक ट्राऱ्याक बाडिरहेको देखे । भोलिपल्ट त्यहि बाटो जाँदा तपाइहरुको चर्चको ठेगाना माग्न मन लाग्यो तर दुःखको कुरा हिजो पर्चा बाड्ने कुनै मित्रहरु पनि देखिनु भएन। म क्रिश्चियन हु । कृपया सहयोग गर्नुपऱ्यो ।

सिस्टर रुथ तामाङ्ग, नेपाल

## कस्तो आनन्द !

प्रभुको स्तुति गर, मेरो परिवारको पहिलो क्याम्प भेला……कहाँबाट सुरु गरौ ? म मा के भएको थियो त्यसको अनभव बाड्न चाहन्छु । प्रभुले मलाई बचाउनभएको दिनदेखि म पवित्र हुन चहान्थे। क्याम्प भेलामा प्रभुलाई प्रार्थना गर्दै भने मलाई विचलित हुनबाट हुनबाट जोगाउनुहोस् र प्रार्थना कक्षमा जाने हौसला दिनुहोस् । उहाँले त्यो गर्नुभयो र अहिले त्यो क्षण सम्झना हास्न र रुन दुवै गर्न मनलाग्छ ।

तपाईलाई प्रभुले केही गरेजस्तो नलाग्न सक्छ । तर हेर्नोस् त कस्तो आनन्द ! कस्तो खुशी ! जव प्रभु हाम्रो साथमा हुनुहुन्छ । यस्तो होस् ! यस्तै होस् ! ओहो, कस्तो आनन्द

र खुशीले म भरिपुर्ण भएको छु । म पवित्र हुनका लागि प्रर्थाना कक्षमा जान्थे म धन्य छु कि प्रभुका अनुयायी सन्तहरुले मलाई जहिल्यै हौसला दिनुभयो।
प्रभु महान हुनुहुन्छ। म योग्य थिइन तर प्रभुले मलाई दिदै जानुभयो । प्रभुलाई तन, मन र वचनले बिचलित नभइ सेवा गर्दै गए र अहिले यो अवस्थामा आएँ । मेरो लागि प्रार्थना गरि दिनुस् ताकि म अझ यो मार्गमा लागिरहन सकु ।

सिस्टर, एम्सी रिकर
ओस्किन्सन, अमेरिका

## प्रभुलाई विश्वास गर्न सिके

प्रभुको सेवा गर्न पाउदा म धन्य छु। म सारिरीक रुपमा कमजोर थिए। समस्याहरुको बीचमा पनि म प्रभुबाट प्रोत्साहित भए। म धन्य छु। उहाँले मलाइ कहिल्यै छोड्नु भएन। म यो भनाई प्रति पनि कृतग्य छु 'मेरो आरोह र अवरोह प्रति तपाई परिचित हुनुहुन्छ, तपाईले मलाई बुझ्नु भएको छ।' भजनसंग्रह १९३:२
म खुशी छु कि प्रभुले मेरो अप्ठ्याराहरु बुझ्नुभएको छ। 'म प्रभुलाई प्रेम गर्छु किनकी उहाँले मेरो आवाज र प्रार्थना सुन्नुभएकोक छ। किनभने उहाँ मेरो आवाज सुन्न इच्छुक हुनुहुन्छ। त्यसकारण म बाचुञ्जेल उहाँलाई बेलाई रहने छु।' भजनसंग्रह ११६:१-२
उहाँको विश्वास कसरी जित्न सकिन्छ भन्ने कुरा मलाई उहाँले सिकाइसक्नु भएकोक छ। मानिस आफैमा एक्लो कोही छैन भन्ने कुरा गलत हो जस्तो लाग्छ यदि उसमा प्रभुको अनुकम्पा छ भने
म कस्तो महत्वपुर्ण क्षणहरु प्रभुसँग बिताइरहेको छु। शत्रुहरु मसँग जुध्न आउछन् तर म त्यहँ एक्लो हुन्न। म जहाँ उक्लो छोडिएको हन्छु त्यहाँ मसँग मेरो सामिप्यमा प्रभु हुनुहुदो रहेछ

न कहिल्यै एक्लो,
सिस्टर जोसेली मानालास्टा,
क्यालिफोर्निया, अमेरिका

### तपाई कठिन बिषयहरुको नजिकमा हुनुहुन्छ

पावल र उहाँको सुसमाचारलाई आधार मानेर भन्ने हो भने हाम्रा हरेका क्रियाकलापमा प्रभुले साथ दिनुहुन्छ। प्रायजसो कठिन कार्यहरुलाई त्यागिन्छ तर तपाई त्योसँग जुध्न तयार हुनुहोस्। राम्रो कार्य गर्न पछि नपर्नु होस्

*वेभसाइट*

## पुरानो चर्चमा कहिल्यै सन्तुष्ट थिइन

नेपालमा भएको सम्मेलनमा प्राप्त नेपाली ट्र्याकबाट हजुरहरुको वेवसाइट ठेगाना पाए। म पुरानो व्याप्टिष्ट चर्चमा आबद्ध थिए। मेरा साथीहरुसँग तपाईको सम्मेलनमा पुगे। त्यहाँ ब्रदर विनोदले दिनुभएको प्रवचनले मलाई निके प्रभाव पाऱ्यो। त्यहाँको संगत र सिकाइले मलाई प्रभावित पाऱ्यो। म त्यो पुरानो व्यप्तिष्ट चर्चमा कहिल्यै सन्तुष्ट रहिन किनभने तिनीहरु आफै बाइवलको पथमा छैनन्।
उहाँले मलाइ 'सुसमाचारको आवाज' पढ्न दिनुभयो। म तपाईको चर्चमा आउन चाहन्छु। कृपया मेरो लागि प्रार्थना गरिदिनु किनकी म प्रभुको सामिप्यमा रहन चाहन्छु।

ब्रदर भण्डारी,
नेपाल

## तिनीहरुले साचो चर्च देखे

मित्रहरुले केन्या आउँदा मेसाइमा चर्च बनाउने कुरा गर्नु भयो म धेरै सुशी भए। मैले त्यो सुसमाचार मानिहरुलाई भने उनीहरु खशी नहुने त कुरै भएन किन भने उनीहरुले तपाईहरुको प्रवचन सुनेका थिए।

ब्रदर किरिङ्गी,
केन्या

## आत्मिक शुद्धतामा बुद्धिको सहयोग

'सुसमाचारको आवाज पढेर पवित्र भएको महसुस गरेको छु। के तपाई मलाई प्रभु समक्ष पुऱ्याउन सहयोग गर्न सक्नुहुन्छ, ताकि म सत्यको खोजी गर्न सकुँ। तपाईको प्रतिक्रियाको आशामा छु।

क्राइष्टमा
क्रेइग
केनेडी, न्यजिल्याण्ड

## धार्मिक साम्प्रदायिकरणबाट

'प्रभु नै मेरो शक्ति र मुक्तिको दातो हो।' भजनसंग्रह ११८:१४
प्रभुको शाक्ति ज्ञान र मुक्ति पाएर म कति धेरै खुशी छु। मरणाशील प्राणीले मुक्ति प्राप्त गर्न सक्नु कम खुशीको कुरा हैन। म धन्य छु किनभने म धर्मको नाममा खडा समुह र उससमुहबाट माथि छु। बेबिलनमा रहदा, म बाइबल पढ्ने गर्थे तर म बुझ्दिन थें। प्रभुको पर्शसा गर्नैपर्छ किनकी उहाले हाम्रो आँखा खोलिदिनु भएको छ। अहिले जब म बाइबल पढ्न बस्छु मेरो आत्मा खुशीले माथि उठ्छ।

प्रभुको नजिक रहन हाम्रो समझ भन्दा टाढाको बिषय हो। तर प्रभुकामानिसहरुले असम्भवलाई सम्भव बनाइदिएका छन् र तिनीहरु मेरा उदाहरणहरु हुन्।'उनीहरु अधार्मिकहरुको शिकार हने छैनन् न त कसैले उनीहरुलाई नष्ट नै गर्न सक्छ, उनीहरु निडर भएर सुरक्षित साथ रहने छन्।'
इजिकेएल ३४:२८

यशुको कारणले
सिस्टर, अन्ना ब्रोन्टराजर,
ओहिओ, अमेरिका

## मेरा आखा खोलिए

सिस्टर सुसान मुथ

तपाईले पठाएको मेलको लागि धन्यवाद, उक्त पत्रले मेरा आँखा खुलेका छन्। म तपाईलाई भेट्न चाहन्छु ताकि म तपाईबाट अझ सिक्न सकुं।

जेनागिन्डो,
नामिबिओ।

## चर्चको लागि अझ राम्रो नाम

कृपया तपाइहरुको मेलिङ सुँचिमा मेरो नाम छ, त्यो हटाइदिनु पऱ्यो। म तपाईहरुको 'गोल्पेल ट्रम्पेट' लिन चाहन्न। तपाईहरुले भन्नु भएको थियो कि यो सम्प्रदायिकता बिरुद्ध छ तर मलाई त्यस्तो लागेन। यद्धपी म चर्च अफ गड( प्रभुको गिर्जाघर)मा गत साठी बर्षदेखि सम्मिलित छु। र त्यस नाममा मेरो त्यति आपत्ति त छैन तर पनि यो त्यति उपयुक्त नाम हो जस्तो मलाई लाग्दैन। चर्च अफ गडको सट्टामा फ्यामिली अफ गड कम्युनिटी चर्च उपयुक्त नाम हो जस्तो लाग्छ। पुर्व

पाठक,
कोलोराडो, अमेरिका

## सम्पादकको उत्तर

बाइवलको नयाँ व्यवस्थामा चर्च अफ गड उल्लेख गरेको तर कम्युनिटी चर्चको उल्लेख उक्त धार्मिक ग्रन्था नभएको हुँदा चर्च अफ गड नै उपयुक्त नाम भएको महसुस गरिएको हो।

# बेबिलोन के हो ?



**बाबेल:** भ्रम, मिश्रण
**बेबिलन:** बाबेल जस्तै
-रुडेनको सुचि

यो वेविलनको परिभाषा हो । तर यो परिभाषा कहाँबाट आयो यसको उत्तर उत्पति ११:१-९ मा पाउन सकिन्छ । यहाँ उल्लेखत धैरै कुराहरु अर्थयुक्त छन् ।

१ पृथ्वीमामात्रै एउटा भाषा र वोली थियो । यो प्रभुको प्रारम्भिक प्रारुप थियो । उहाँ भ्रमको लेखक होइन ।

२ वेविलनसम्म मैदानमा बनाइएको थियो । अरार तको उचाइबाट मानिसहरु तल झरे अनि स्थिर भएर त्यहाँ बस्न थाले

३ तिनीहरुले प्रभुको इच्छा विपरित काम गर्न थाले । तिनीहरुले आफ्नो कुकर्ममा समय व्यथित गर्न थाले । तिनीहरुलाई आफ्नो नाम र प्रतिष्ठासँग मात्र मतलव थियो । प्रभुको बारेमा सोच्ने कुरा त परेको कुरा थियो ।

४ आफुले प्रयोग गर्ने बस्तुहरु आफैले बनाएका थिए

५ अहिलेको भाषिक दोबिचार र भ्रम भनेको तिनीहरुको कुकृत्य र अशुद्ध आत्माको परिणति थियो । त्यस कारण धार्मिक ग्रन्थको नाममा वेविलन एउटा झुठो धर्म हो । अव यसको विकल्प के त ? यसको विकल्प भनेको एक आधुनिक बिचार जसले वावेलका भ्रमहरुलाई चिर्न सकोस् ।

**हेर्नोस्** ,

१ प्ररम्भिक अवस्थामा चर्चहरु एकतालाई जोड दिन्थे सुरुका अनुयायीहरुले 'एक सोच र एक वोली' भएर प्रभुको प्रतिष्ठालाई माथि उठाए । रोमी १५:६ । तिनीहरुको एउटै हृदय र एउटै आत्मा थियो किनकी तिनीहरुलाई 'सबैले एउटै बोली बोल्नुपर्छ' भनेर सिकाइएको थियो ।

२ धेरै बर्षको सफल जीवन पश्चात् मानिहरु आध्यात्मिक सत्यताको शिखरबाट विचलित हुन थाले । अधार्मिक रितिरिवाजसँ सम्झोता गर्दै त्यसैमा समाहित हुन पुगे । यो धर्म प्रतिको बिचलन थियो । त्यसबाट रोमन क्याथोलिक र प्रोटेस्टेन्ट दुइ समुहको बिकास भयो । ( जसले प्रारम्भिक क्रिश्चियन मान्यतलाई आत्मसाथ गरेनन्)

३ यी सबै धार्मिक सम्प्रदायहरु प्रभुको मुख्य पथलाई विभाजन र बिभक्त गर्न दोषी छन् । प्रभुको मार्ग र इच्छाबाट बिचलित बनाउने यो सैतानको समेत दुष्प्रयास हो । प्रभुको मार्गबाट बिचलित भएर तिनीहरु विभिन्न गुट र उपगुटमा सिमित हुनपुगे ।

४ धार्मिक गुट र उपगुटहरुको आधारशीला विशुद्ध धार्मिक उद्देश्यका लागि थिएन । तिनहरुको उद्देश्य बिशुद्ध धार्मिक चर्चको प्रस्तुति गनुको सट्टा यसलाई बदनाम गर्नेमा सिमित रहयो ।

५ क्रिश्चियानिटीको आधुनिक बिभाजनहरु प्रभुको महावाणीहरुको सत्यताको अवज्ञा र मानवीय हृदयमा रहने इच्छाहरुको सदावहार स्मारक हुन् । तिनीहरु अविश्वासी संसारको पर्यायवाची हुन् । के अव हामी अनुमान गर्न सक्छौं कि प्रभुले यस्तो भ्रमहरुलाई मुल्याङ्कन दिनसम्म सहन गर्न सक्नुहुन्छ ?

अह, सक्नुहुन्न । जसरी प्रभुले अब्राहम लगायत दिग्भ्रमिक संसार इजरायलमा रहेका अन्य मानिसलाई मुक्त गराउनुभयो त्यसरी नै प्रभुको सत्मार्गलाई अंगाल्ने अनुयायीहरुलाई पतित बेबिलोनबाट मुक्त गराउँन बोलाइरहनु भएको छ । अहिलेको दुष्ट संसारमा रहेर नि सबै प्रकारका अधर्मबाट मुक्त न्यायिक र धार्मिक अनुयायीहरुलाई प्रभुले आफ्नो शरणमा लानुहुने छ ।

र यदि, ए पाठकहरु, प्रभुले त्यसबेलाको दिग्भ्रमित इजर ायललाई दुष्टआत्माहरुको पञ्जाबाट जसरी मुक्त गर्नु भयो के त्यसरी नै प्रभुले अध्यात्मिक वेविलनमा छरिएर रहेका आफ्ना सन्ततहिरुलाई सत्मार्गमा ल्याउन सक्नु हुन्न त ? सक्नु हुन्छ र प्रभुले गर्दै हुनुहुन्छ ।

(प्रकासको पुस्तक) आध्यात्मिक वेविलनको विनाश भएको सजिलै देख्न सकिन्छ । जहाँ प्रभु भन्नु हुन्छ 'आऊ त्यहाँबाट निस्केर आउ मेरा मानिसहरु हो प्रकास १८:४ त्यहाँ नवस जहाँ घृणा, द्धेष र खतरा व्याप्त छ । मुर्ख र अधर्मिक मानिसहरुको समुहबाट भाग, तिनीहरु केही गर्न नचाहने समुह हुन्, तिनीहरु संसारिक मोह र मायाका प्रवर्तक हुन् । पतित वेविलोनको सतहमा नबस आउ माथि आउ प्रभुको संसारमा आऊ । प्रभुको शरणमा भएका मानिसले तिमीलाई वोलाइरहेका छन् । आऊ, हेर प्रभुले उनीहरुको लागि के गर्नुभएको छ र तिम्रो लागि के गर्न सक्नु हुन्छ ।
वेविलन प्रतित छ, पतित छ । त्यहाँबाट भाग ए प्रभुका सन्तती ।

ब्रदर डेनिल इकोल बर्गर



## चिर निन्द्रामय नगरी

प्रभुको जयहोस् ! जसको ज्योतिले
भ्रमको पहाड र निन्द्रामय नगरीलाई चिरेको छ
जसको बज्रमय आवाजले
रातको निष्पट्ट सन्नाटालाई तोडेको छ

संसार गुट उपगुटको भ्रममा डुवेको छ
धेरै झुठा खिष्टहरु र अधर्मिहरुको भ्रमा फसेको
छ
प्रभु छैनन् , न दुरदृष्टि छ यहाँ
र अव प्रभुको अवशेष पनि छैन यहाँ

प्रभुका मानिहरुले उध्यारोलाई चिर्दैछन्
प्रभुको ज्ञानमय ज्वति तिनहरुले पाउदैछन्
ब्वासो रुपी दुष्टआत्माहरुको चंगुलबाट
मुक्त भइ शन्तरुप धारण गर्दैछन्

प्रभुको जय होस् ! रहस्यहरु बिलाएका छन्
वेविलनको इतिहासको पर्दाफास भएको छ
साच्चै, वेविलनको दुःखको पर्दाफास भएको छ
अब वदलाका दिनहरु आएका छन्

अव न त अन्धकारले उसलाई छक्याउन सक्छ
नत अर्को झुठले नै उसलाई बदल्न सक्छ
उ पतीत छ, सदाका लागि पतीत छ वेलिवोन
हाम्रो सच्चा घर मात्र हो सियोन ।

सन्तहरु जाग्दैछन्, स्वतन्त्रताको आस्वादन गर्दै
अधर्मको अध्यारो राजबाट भक्तिको मार्गमा लाग्दै
छन्
अव निन्द्रामय नगरीबाट
स्वतन्त्रता प्राप्ती गर्दै

- ब्रदर जासोन हार्गेभ

## भ्रमको खेती गर्नेहरु

मानिसले मात्र तिन रुपैयामा प्रभुको बिषयमा लेखिएको सुसमाचार पुस्तक किन्न सक्छन् र त्यसको अध्ययनबाट चर्चका पादरीहरु (जो आफुलाई प्रभुको दुत ठान्छन्) मा मात्र क्रिश्चियन धर्मको आधिकारिकता नरहेको र उनीहरुकले भन्ने गरेको क्रिश्चियन धर्म यथार्थ नभएको थाहा पाउन सक्छन्

केही समयको लागि मात्रै भए पनि चर्चले मनिसहरुलाई भ्रमको खेति गर्ने काम बन्द गरे मानिसहरुले स्वत प्रभु खिष्टको र सुसमाचारहरु बुझ्न सक्छन् । र यो ज्ञानले चर्च र त्यसका प्रभावहरुलाई पुर्णरुपले अन्त्य गरिदिने छ ।
आफ्नो प्रभाव कायम राख्नकै लागि भए पनि तिनीहरुले मानिसहरुलाई भ्रमको खेति गर्न राख्ने छैनन् । यो उनीहरुको पेशा हो । आफुलाई कायमै राख्नको लागि ( र उनीहरु यो उनीहरुको धार्मिक दायित्व ठान्छन् ) भए पनि तिनहरुले प्रभुको सुसमाचारलाई गत ढंगले प्रस्तुत गरी बहुसंख्यक मानिसलाई प्रभुको सुसमाचार सुझनबाट टाढा राख्छन्
चर्चले प्रभुका सुसमाचारलाई गहिराइसम्म बुझ्न चाहदैन । उनीहरुले बास्तविकता लुकाउछन्, तर प्रभुको सुसमाचारलाई यथार्थ रुपमा प्रस्तुत गर्ने हो भने उनीहरुको अन्त्य निश्चित छ ।

-लिओ टोल्सटय, रसिया (१८२८-१९१०)

# बिभाजनकारी पर्खाल



**ब्रदर रोबर्ट ब्राउन**

'बाटो बिराएर बिचलित भएकाहरुलाई प्रभुको नजिकमा ल्याउन सकिन्छ । उहाँ नै हाम्रो शान्तिदुत हुनुहुन्छ जसले हामीबीचको बिभाजनकारी पर्खाललाई तोड्न सक्नुहुन्छ ।' एफिसी २:१३-१४

पाउल भन्छन् प्रभुको उद्देश्य हामीलाई उहाँमा समाहित गर्नुको अलावा हामीबीचमा पनि एकता कायम गर्ने हो । प्रभुको एउटा प्रमुख बोझ(कर्तब्य) भनेको सम्पुण खिष्ट धर्म मान्नेहरुलाई एकताको सुत्रमा बाध्ने नै हो ( युहन्ना १७:२१-२३

अफसोच, हामीबचिमा बिभाजनकारी पर्खाल उभिएको छ । जसको प्रमुख प्रयास भनेको हामीलाई बिभाजन गर्नु नै हो । यो पर्खाल भनेको धर्मको नाममा स्थापना भएका बिभिन्न गुट उपगुटहरु(डिनोमिनेसन्यालिज्म) चाहे त्यो प्रोटेस्टेन्टको नाममा होस् या अन्य नाममा र यी सम्पुर्ण शैतानको इच्छा बमोजिम छन् । प्रभुले आफ्नो महान इच्छा युहन्ना १०:१६ मा व्यक्त गर्नुभएको छ -'त्यहाँ एक शुत्र(समुह) र एक गोठालो हुनेछ ।' त्यो भए किन मानिसहरु प्रभुका सन्ततिहरुलाई बिभिन्न समुह, उपसमुहमा बिभाजन गरिएका छन् ? धर्ममा हुने सम्प्रदायिकरण एकताको शुत्रको बिपरित छ । जुन प्रभुको इच्छा बिपरित छ । आज धेर ै मानिसहरु अज्ञानता, धार्मिक सम्प्रदायिकरणका कारण गैरवाइवल अध्ययनको हिस्सा बढेको छ ।

प्रभुको महान योजना धार्मिक सम्प्रदायिकरण भन्दा भिन्न छ -'अब प्रभुले हामीलाई एकताको शुत्रमा बाध्नु हुन्छ ।' १ कोरिन्थी १२:१८

मुक्ति पश्चात् हामी प्रभुमा एक भएर समाहित हुनेछौं । एकताको बिषयमा यशु भन्नु हुन्छ'एक शुत्रमा बाध्ने क्रममा कोही पनि नछुटुन् ।' प्रभुको यो निर्देशन एकताको माला बुन्ने बिषयसँग सम्बन्धित छ । त्यसकारण हामी चर्चको प्रमुख(प्रभु)सँग अनुशासित हुनैपर्छ । एफिसी १:२२

धर्मको नामा मनिसलाई बिभाजन गर्नुएक किसिमको पागलपन हो जुन प्रभुको इच्छा बिपरित छ ।

त्यस्ता मानिसहरु प्रभुको झुण्डमा आउने छैनन् जो आफ्नो धार्मिक सम्प्रदायको मोहमा मस्त छन् । तिनीहरुको सम्प्रादायिक समुहको प्रतिमा ध्वस्त हुनेछ यदि प्रभुको सच्चा सुसमाचार तिनीहरु समक्ष पुग्यो भने ।

१ कोर १२:२५ मा भनिएको छ कि धार्मिक असहमति त्यागिनु पर्छ । प्रभुका महान वाणीहरु सम्प्रादायिकताको बिपरित छन् । के तपाईले पापी धार्मिक बिभाजनको बिरुद्धमा आवाज उठाउनुभएको छ ? के तपाईसँग प्रभुको आत्मा छ ताकि प्रभुले जे लाई घुणा गर्नु हुन्छ त्यसलाई घुणा र जे लाई माया गर्नुहुन्छ त्यसलाई माया गर्न सक्नु होस् । प्रभुको नाममा धेरै पुस्तकहरु लैख्नेलाई माफ गर्न सकिन्छ तर तिनीहरुको दुस्प्रचारलाई त माफ गर्न सकिन्न नि ! हाल आएर यो बिभाजनकारी पर्खालले दुस्प्रचार फैलाउन सफल भएको छ जसले हामीलाई प्रभुबाट छुट्याएको छ ।

जव पापहरु पखालिएर कसैको पुनर्जन्म हुने छ त्यसको बासस्थान प्रभुको पारिवार सँग हुनेछ । त्यतिखेर एकता र प्रेमको सवास हरेक जन्मदै गरेका विश्वासी आत्माबीचमा फैलने छ । तर यो एकतालाई शैतानले भत्काउने दुस्प्रयास गर्नेछ ।

म तपाईलाई अनुरोध गर्छु । मित्र, यशुखिष्टको नाममा, कि तपाई एउटै बोलिबोल्नुहोस् । कि तपाईहरुमा बिभाजन( मतान्तर) नहोस् , ता कि तपाईहरु एउटै शुत्रमा आबद्ध हुनुहोस् । १ कोर १:१० तर यो कसरी सम्भव छ त : यसको उत्तर कलस्सी १:१८ ए मा पाउन सकिन्कछ । 'प्रभु चर्चको प्रमुख हुनहुन्छ ।' यदि हाम्रो एकमात्र मालिक प्रभु हुनहुन्छ भने हामीले एउटै कुरा भन्नुपर्छ । एउटै सोचाइमा साथ दिनुपर्छ ।

बाकी पेज नं. १०

## मन्दिरलाई नाप

आत्माले सचेत गराउँदै भन्यो अवका दिनहरु खतरापुर्ण छन् । कुनै सन्देह छैन

बास्तवमा हामी खतरापुणसमयमा गुज्रिरहेका छौं । सबैभन्दा ठूलो खतर ा ? धर्म हो । संसार झुठो धर्मले भरिएको छ , जसले अन्ततगोत्वा मृत्युको मार्गमा लागनेछ ।

अहिले, क्रिश्चियन धर्मको वकालन गर्ने धेरै मानिसहरुलाई वास्तविक क्रिश्चियन धर्म के हो भन्ने ज्ञान छैन । चर्च अफ लिभिङ्ग गडको बारेमा नै तिनहरुलाई केही जनकारी छ ।

यदि सत्य खोज्नेको लागि वाइवलको आवश्यकता कहिल्यै थियो भने त्यो समय अहिले आएकोक छ । र यो अन्तिम घडीमा परमेश्वरसँग सहि चर्च, सही र पवित्र मानिसहरु छन् । यो यथार्थतालाई कुनै झुठो धर्मले परिवर्तन गर्न सक्दैन । यो चर्च परमेश्वरको चर्च वास्तवमा वाइवलमा उल्लेखित चर्च हो ।

नाप्ने डण्डी जस्तो एउटा निगालो मलाई दिएर यसो भनियो, 'उठ, परमेश्वरको मन्दिर, वेदी र त्यहाँ आराधना गर्नेहरुको नाप लेऊ ।' प्रकास ११:१ यहाँ उल्लेखित निर्देशन नापसँग हो । के नाप्ने ? परमेश्वरको मन्दिर, वेदी र त्यहाँ आराधना गर्नेहरु, मतलव चर्च त्यस्तो मन्दिर जुन पवित्र आत्माहरुले बनेको छ । एफिसी २:२१-२२, १ पत्रुस २:५,

यशु, जो हाम्रो वेदि हुनुहन्छ । हिब्रु १३:१०

जसले क्रिश्चियनहरुलाई ज्ञान बाडिर हनुभएको छ । के ले नाप्ने ? डण्डी, जुन प्रभुको बचन हो, एउटै मात्र भर पर्दो नाप ।

यी बस्तुहरु नाप्न किन आवश्यक पऱ्यो ? किन भने यहाँ धेरै भन्दा धेरै झुठा चर्चहरु, झुठा खिष्टहरु र झुठा आराधना गर्नेहरु छन् । फेरी म भन्छु, वाइवल खोज्नु होस् अनि वास्तविक नापो लिनुहोस् । तपाईको र तपाईका मित्रहरुको । तपाईका प्रवचनहरु र तिनीहरुको सिद्धान्तको नाप लिनुहोस् । कतै तिनीहरुले अर्को येशुको पाठ त पढाइरहेका छैनन् ? के त्यो वाइवलमा उल्लिखित वास्तविक चर्च त हो ? के यो गैरवाइवल सिकार्यबाट टाढा छ ? गैर वाइवल जीवन ?

प्रभुका शब्दहरु र तपाईको नापोमा भिन्नता देख्नु भयो भने स्वर्गबाट तपाईलाई सुचना छ, त्यहाँबाट निस्कनुस् । परमेश्वरले तपाईको मुल्याङ्कन गर्नुभएको छ । प्रकास १८:४

सिस्टर मुच

‘मैले सुने, स्वर्गबाट अर्को एउटा शेरले भन्यो
हो, तिमीहरुले उसका पापहरुमा सहभागी बन्नु नपरोस्

# संलग्नताको

## पाप

*“ ...अरु मानिहरुको पापमा सम्लग्न नहोउ, आफुलाई पबित्र राख ” १ तिमोथी ५.२२*

*‘मैले सुने, स्वर्गबाट अर्को एउटा शेरले भन्यो आउ त्यहाबाट निस्केर आऊ मेरा मानिसहरु हो, तिमीहरुले उसका पापहरुमा सहभागी बन्नु नपरोस् तिमीहरुले उसको महामारीहरु भोग्नु नपरोस् ।’ प्रकास १८:४*

प्रभुको मुल्याङ्कन(सजाय) अध्यात्मिक वेविलन(गलत धर्म)मा आधारित छ । यस धर्ममा प्रभुको जस्तै रुपको उल्लेख गरिएको भएता पनि प्रभुको बास्तविक शक्तिको गुञ्जायस पाउन सकिदैन । अहिले हामीले देख्ने बिभिन्न धार्मिक सम्प्रदायहरुमा यस्तै अर्थहिन धर्मलाई प्रसय दिएको पाइछ जुन बास्तबमा गलत धर्म हो ।

पापी धर्म प्रचारकहरुले समुह माझमा पनि कोही यस्ता प्रचारकहरु छन् जसले आफुलाई अपवित्र हुनबाट रोकेका कछन् । तर यी प्रभुका सन्तानहरु यस्तो वातावरणमा छन् कि जसको कारणले प्रभुसँगको मिलन असम्भव जस्तै भएको छ । र उनीहरुलाई बिनम्र अनुरोध गरिएको छ-‘आऊ त्यहाँबाट निस्केर आऊ, मेरा मानिहरु हो, तिमीहरुले उसका पापहरुमा सहभागी बन्नु नपरोस् ।’ यी सन्तहरु अहिलेसम्म पवित्र भएता पनि उनीहरुको वरिपरि रहेका पापीहरुका कारण भविष्यमा अपवित्र हुने निश्चित भएपछि प्रभुले त्यहाँबाट भाग्न सल्लाह दिनुभएको हो ।

खिष्टियन धर्मको असंख्य धार्मिक भेलाहरु भएको भए ता पनि तिनीहरु सहमति र संसारिकतामा व्यास्त भएका देखिन्छन् । आफुलाई त्यस्ता प्राथर्ना सभामा समायोजना गर्न, सदस्यहरु बचिमा भातृत्व जगाउन, धर्मगुरुहरुलाई चिन्न र प्रभुको महानवाणीलाई ग्रहण गर्न असम्भव हुन्छ ।

पाप अनन्तसम्म फैलने एक किसिमको रोग हो । प्रभुका बाह्र जना मध्येका एक चेला पाउल गलत सिद्धान्तलाई रोगसँग तुलना गर्छन् । अधर्मले जहिल्यै पनि भ्रष्टचारलाई फैलाउछ र सम्पुर्ण बस्तुहरुलाई अपबित्र बनाउछ । यस रोगबाट बच्ने एउटे. भरपर्दो उपाय भनेको आफुलाई पुर्णरुपमा ती बस्तुहरुबाट टाढा राख्नु हो ।

केही समयको अन्तरालमा कसैले आफ्नो सिमा नाघेको छ कि छैन भन्ने कुरा अलिकति भए पनि बिचार गरिन्छ । यस्ता धार्मिका कायक्रमहरु हुने सम्लग्नताले पाप र त्यसका प्रभावलाई बढाउँछ र पबित्र मानिसलाई पनि पापी बनाउँछ । त्यस्ता धार्मिक संगठनमा हुने संलग्नताले पाप बृद्धि गर्छ किनकी चर्च र त्यसका अवयवमा प्रभुको ठूलो अक्रोश छ । धार्मिक संम्झौतावादीहरुलाई आफ्नो दाजुभाइ(मित्र) ठान्नु र त्यस्ता सम्झोतावादीहरुको प्रवचन सुन्नु भनेको तिनीहरुलाई आत्मसाथ गर्नुजस्तै हो ।

यसका अतिरिक्त अध्यारो तिर डोऱ्याउने कृतिलाई कारबाही नगर्नु र कृतिहरु फैलाउन सहयोग गर्नु एउटै हो । यसका अतिरिक्त, यस्ता अन्धकारतिर डोऱ्याउने कृतिलाई दण्डित गर्ननसक्नु र यस्ता कृतिमा काम गर्नु दुबै बराबर दोषी हुन् । एफिसी ५:११ मा भनिएको छ -‘अन्धकारको फलहीन कर्महरुसँग कुनै सम्पर्क नराख बरु ती कुकर्महरुको भण्डाफोर गरिदेऊ ।’ त्यसकारण हाम्रो दायित्व त्यो बेलासम्म पुरा भएको मानिने छैन जवसम्म हामीले यस्ता कुकर्महरुको भण्डाफोर गर्दैनौ ।

यस्ता कुकर्महरु सिकाउने धेकेवाजहरुको वारेमा यूहन्न भन्नुहुन्छ ‘यस्ता धोकेवाजहरुलाई स्वागत गर्नेहरु पनि त्यस्तैका दुष्कर्मको साझेदार बन्छन् ।’ २ युहन्ना ११

यस बिषयमा एड क्लार्क भन्नु हुन्छ ‘यदि कसैले यस्ता धोकेवाजहरुलाई आफ्नो क्रिश्चियन दाजुभाई ठान्छन, उसलाई विश्वास गर्छ ।

# आउ त्यहाँबाट निस्केर आऊ मेरा मानिसहरु तिमीहरुले उसको महामारीहरु भोग्नु नपरोस् ।' प्रकास १८:४

यदि क्रिश्चियहरुमा एकता हुनुपर्छ भन्ने सिद्धान्त सहि हो । धार्मिक सम्प्रदायिकिकरण र बिभाजन गलत हो र यसको गलत तत्व निर्मुल हुनपर्छ भने कसले यस्तो भ्रष्ट रुखको रुखलाई जरैबाट फाल्न बन्चरो उठाउने त ?मानिसलाई धोका दिन माथिल्लो पदमा पुर्‍या शक्तिमान बनाउछ । त्यो ब्यक्ति पनि धोकेवाजहरुसँग सम्लग्न भएको ठहरिन्छ । त्यसकारण अर्काको पाप, सम्झौता र गलत कार्यमा सम्लग्न व्याक्तिले आफुलाई मात्र होइन अरु साथीसँगीलाई पनि मुक्ति प्राप्त गर्नबाट बञ्चित बनाउछ ।

धेरै मानिसहरु बिना हिचकिचाहट भन्न सक्छन् 'म प्रार्थर्ना गर्ने ठाउँको बिषयमा कुने सम्झौता गर्न सक्दिन ।' यो कुरा उनीहरु उच्च स्वरमा भन्छन् । प्रभुको मार्गबाट विचलित मानिसहरुसँगै उभिएर यदि कुनै प्रभुकै शरणमा रहेको मानिसले प्रार्थना गर्छ भने उसले ती अधर्महरुलाई पनि मुक्ति दिलाउन सक्कछ । यो मुक्ति जानअञ्जान जसरी भए पनि ती मानिसहरु प्रभुको नजरमा सच्चा भक्त ठहरिने छन् । उनीहरुको पापलाई क्षमा दिइनेछ र प्रभुको न्यायमा सहमत भए पनि यदि आत्मसाथ गर्न सक्दैन भने उनीहरु प्रति प्रभको आक्रोश व्यप्त हुनेछ ।

परमेश्वरबाट प्रभावित हुदै शान्त पउल भन्छन् 'कुनै मानिसको पापमा सहभागी नहोउ, आफुलाई पवित्र रख ।' (तिमोथी ५:२२ ख यद्धपि तिमोथीले कुनै पाप त गरेका थिएनन् तर सन्तले उनमा अरु मानिसहरुको पापको सङ्क्रमण हुने सम्भावना देख्नु भएको थियो । पापीहरुसँग हुने बढ्दो सम्पर्कले विस्तारै चेतनशीलता मन्द-मन्द हुदैजान्छ । केही समयपछि, ठूलो भन्दा ठूलो पाप पनि पाप जस्तो नदेखिन थाल्छ तर त्यति नै खेर परमेश्वर यस्तो पापलाई टुलुटुलु हेर्न सक्नु हुन्न । (हबकुक १:१३)

जव एकनले सराप लागेको बस्तुलाई लिए उनलाई उक्त अपराधको अपराधकर्ताको रुपमा लिइयो । विडम्बना, एक जनाको गलत कार्यको शिकार सम्पुर्ण इजरायलवासी हुनु पर्‍यो । यो एउटा अतिक्रमणका कारण परमेश्वरले आर्शिवाद दिन आस्वीकार गनुभयो । कडा र विस्तारित निर्णयको कार्यान्वयनले मात्रै प्रभुबाट आर्शिवाद प्राप्त गर्न सक्छ जुन भविष्यमा बिजय प्राप्त गर्न अपरिहार्य छ । एकनको प्रभुका मानिसहरुसँगको आवद्धताले परमेश्वरको उपस्थिति उहाँका मानिसहरुबीचमा छ भन्ने जनाउछ । र उनी जसलाई प्रार्थना सभाबाट निकालिएको थियो, उनलाई फेरी पुनबहाली गरियो । जव धेरै मानिसले धार्मिक पाप र सम्झौता तथाकथित चर्चमा देख्छन्, तव उनीहरु छुट्टिनुको सट्टा यस्ता प्रार्थना सभामा बस्न जोड दिन्छन् ताकि उनीहरु अरुको लागि ज्योति बन्न सकुन् ।

यी गरीब आत्माहरुले के महसुस गर्न सकेका छैनन् भने तिनीहरुले आफ्ना मित्रहरुको बाटोमा ज्योति छर्न सक्ने छैनन् । बरु आध्यात्मिक बिनासबाट कसरी निस्कने भन्ने बाटो देखाउन सक्छन् । उदाहरुणको लागि ती गलतकार्यर गलत कार्यगर्ने बाटा आफुलाई टाढा राखेर । यस कार्यले भ्रम सिर्जना गर्न सक्छ भनेर धेरै मानिसहरु डराउछन् । तर यसले पवित्र र पापका बीचमा भेद सृजना गर्नेछ र अझ स्पष्टता बढाउने छ । वास्तविक भ्रम त्यतिखेरसम्म रहन्छ जतिखेरसम्म बास्तविक क्रिश्चियन मित्रहरु आफुलाई अलग्याउनुको सट्टा त्यस्ता अधर्मिहरुसँग रहनुहुन्छ ।

यो अस्पष्टता हो किनभने सामान्य क्रिश्चियन धर्म मान्नेले पनि पाप, सम्झोता र सांसारिक कुराहरु खिष्ट धर्मको विपरित छन् भन्ने बुझ्नसक्छ ।

निश्कर्षमा भन्नु पर्दा, परमेश्वरले हाम्रा हरेक गतिविधिलाई निहाली रहनुभएकोक छ । हामीले पाप गरेका छैनौ भन्ने बिषयमा मात्रा मुल बिषय होइन, हामीले अध्यात्मिक सम्बन्ध पवित्र राखेका छौं कि छैनौ भन्ने पनि महत्वपुर्ण बिषय हो । परमेश्वरले आफ्ना पवित्र सम्ततिहरुलाई त्स्ता अपवित्र संस्ताहरुबाट बाहिर निस्केर पवित्र मानसहरुको समुहमा गोलबद्ध हुन अनुरोध गरिरहभएको छ ।

ब्रदर बेन्ज्यामिन टोस्भिजा

# बिभाजनकारी पर्खाल

पेज नं. ७ बाट

## एउटै सोचाइमा साथ दिनपर्छ ।

समस्या तब खडा हुन्छ जब धार्मिक सम्प्रदायिकताले मानिहरुलाई झुठो मालिक तिर आर्कषित गर्न थाल्छ । तिनीहरु जोन छ ब्याप्टिष्ट, मोनोनाइट, वेष्ले र ज्याकोव ओमनको रुपमा प्रकट हुन थाल्छन् । प्रिय मित्रहरु जब तपाई माथिका मध्ये कुनै एकलाई आफ्नो प्रभु ठान्न थाल्नु हुन्छ तब तपाईले बिभाजनकारी पर्खालमा अर्को एउटा इटा थप्दै हुनुहुन्छ । यी माथि उल्लिखित प्रमुखहरुकुनै न कुनै धार्मिक गतिविध वा आन्दोलनसँग सम्बन्धित छन् जसको अहिले कुनै अस्तित्व छैन । उनीहरु प्रति हाम्रो सम्मान छ तर चर्चको नामाकरण सामान्य मान्छेको नामबाट राख्नु भनेको प्रभुबाट त्यस चर्चलाई छुटाउनु नै हो ( कलस्सी १:१८)

अहिलेको हाम्रो कर्तब्य भनेको धार्मिक सम्प्रदाययिकरणको बिरुद्धमा उभिनु र त्यसका खराव दुस्प्रचारहरुलाई चुनौती दिनु हो जसले गर्दा बहुमुल्य आत्माहरुलाई सम्प्रदायिकरणको साघुरो खेराबाट मुक्त गर्न सकियोस् । धर्मलाई कुनै पनि मानिसको गहना अथवा साङ्लोको आवश्यकता पर्दैन । यो आफ्नै ज्योति र प्रतिष्ठामा चम्कन्छ । मानिसहरु बिभिन्न लुगा र गहनाले सजिएर हेर्दा सत्य जस्तो देखिने तर गलत आकृतिको निर्माणको प्रयासमा लागिरहेछन् । यी बस्तुहरुमा प्रभुको प्राण छैन, त्यसकारण यसले कसैलाई पनि फाइदा दिदैन, र यसले सोझा, अज्ञानी मानिसहरुलाई भ्रममा र राख्ने मात्र काम गर्छ ।

यो आकृति- जसलाई गिर्जाघरले सही धर्म भन्छ-लाई स्वर्गले व्यर्थ अन्तविश्वास र विचलित श्रद्धा भन्छ ।

ए डाम क्लाञ्के ।

वावेल सम्प्रदायको पतीत सहर एक पल्ट फेरि हल्लिएको छ (प्रकास १६:१९) बहुमल्य, अमरआत्मा, मध्य भागमा अवस्थित विभाजनकारी पर्खाल भत्काइदैछ । कृपया तपाईहरु प्रभुको सुन्दर नगरीतिर आफ्ना पाइलाहरु लम्काउनुहोस् । तपाईको आत्माले शान्ति पाउने छ । र यो नै न्यायिक मार्ग हो, जुन चम्किलो दिप जस्तै छ र यसले मात्रै सुन्दर बिहानी निम्त्याउन सक्छ । (

हितोपदेश ४:१८)

---

# प्रभुको बेबिलोनप्रतिको आक्रोश

स्वर्गबाट उद्घोष भयो, 'पतित भइ पतित भइ बाबेल महान् नगरी, आफ्नो भ्रष्टचारको कलुषित मदिरा समस्त राष्ट्रहरुलाई पिउन दिइर हेछ ।'(प्रकास १४:८) र प्रभुले भयारबह प्रकोपको मदिरा भरिएको कचौरा यसलाई पिउन लाउनुभयो । (प्रकास १६:१९), उसको निधार मा देखिएको थियो -'रहस्यमय महान बाबेल नगरी, वेश्याहरुकी जननी, घृणित व्यभिचारकी दात्री र त्यो स्त्री सन्तहरुका रक्त र यशुका शहीदहरुका सक्तले मदमस्त भिइ (प्रकास १७:५-६)

त्यस कारण ऊ दुष्टआत्महरुको बासस्थान भएकी छे ,

भएभरका अशुद्ध आत्माहरुको अड्डा र अशुद्ध र घृणित भएभरका नभ-चरहरुको अड्डा, अनि आक्रोशमा यो महान् नगरी वावेल फालिनेछ अनि फेरि यसको नामोनिसान पाइने छैन । त्यस कारण आऊ त्यहाँबाट निस्केर आऊ, मेरा मानिसहरु हो (प्रकास १८:२,४,२१)

वेविलोन जे छ त्यो प्रभुको विपरितमा छ जुन कुरा प्रदर्शित दृष्यहरु (प्रकासको पुस्तक) पढेर थाहा पाउन सकिन्छ । प्रकासका संकेतहरु पुरानो व्यवस्थाको वाइवलमा पाउन सकिन्छ ।

सक्षिप्तमा भन्नु पर्दा -वावेल पतित शहर थियो, जसले इजरायलका मानिसहरुलाई आफ्नो पवित्र जेरुसेलमबाट सत्तरी बर्षसम्म अपरिचित ठाउँमा बाध्य बनाएर कैद गऱ्यो । अहिले त्यसरी नै मानिसहरुलाई विभिन्न धार्मिक सम्प्रदायमा बिभाजन गरेर प्रभुबाट टाढा राख्न खोजिदै छ ।

प्रभु नयाँ जेरुसेलम(उहाँको गिर्जाघर, एक शुत्र) मा भेला पार्न चाहनु हुन्छ ।

प्रभु, विभिन्न धार्मिक सम्प्रदायले फैलाएको झुठ र भ्रमको प्रतिपादक( लेखक) हुनुहुन्न जसलाई अहिले मानिसहरु चर्च(गिर्जाघर) भन्छन् । उहाँका सन्ततीहरु विभिन्न धार्मिक सम्प्रदायमा बिभक्त छन् र उनीहरुलाई भिन्नभिन्न सिद्धान्तहरु सिकाइदै छ ?

अहँ ! भ्रम र धोका ! विवेकपुण मश्तिष्कले यी प्रभुका भनाइहरु हुन् भनेर मान्न सक्दैन । यसो गर्नु सत्यलाई गिज्याउनु हो । वाइवल पढ, चट्टानहरुलाई चकनाचुर पारिदिने फलामे घन जस्तो प्रभुको वाणीले शैतानले बनाएको विभाजनलाई ध्वस्त पार्ने छ । (यर्मिया २३:२९)

इमान्दार आत्माहरु, वेविलोनको महाननगरबिाट भाग, किनकी प्रभुको आक्रोश उसको भ्रष्ट पथमा छ ।

सिस्टर सुसान मच

---

इच्छुक पाठकहरुले ट्राञ्याक माग गर्न सक्नुहुनेछ

म किन प्रोटेष्टेण्ट भइन

हामी को हौ

पुस्तिका पनि :

अस्पिरिच्यल सेकिङ
(आध्यामिकहरुलाई)

लाइफ स्केच अफ मदर साहरा स्मिथ
साहरा स्मिथको धार्मिक सम्प्रदायिकरण माथि र डि.ए वार्नर सुसमचार समुह(गास्पेल कम्पनीसँगको यात्राको क्रममा प्राप्त गनु भएको अनुभवको वर्णन गरिएको पष्तिका



(मदर साहरा स्मिथको जीवन चित्र)-

---

धर्मलाई कुनै पनि मानिसको गहना अथवा साङ्लोको आवश्यकता पर्दैन । यो आफ्नै ज्योति र प्रतिष्ठामा चम्कन्छ ।

मानिसहरु बिभिन्न लुगा र गहनाले सजिएर हेर्दा सत्य जस्तो देखिने तर गलत आकृतिको निर्माणको प्रयासमा लागिरहेछन् । यी बस्तुहरुमा प्रभुको प्राण छैन, त्यसकारण यसले कसैलाई पनि फाइदा दिदैन, र यसले सोझा, अज्ञानी मानिसहरुलाई भ्रममा र राख्ने मात्र काम गर्छ ।

यो आकृति- जसलाई गिर्जाघरले सही धर्म भन्छ-लाई स्वर्गले व्यर्थ अन्तविश्वास र विचलित श्रद्धा भन्छ ।

ए डाम क्लाञ्के ।



# एक समूह र एक गोठालो

ब्रदर डेनियल इलिबर्गर

*'म सँग भएका अरु भेडाहरु, जुन यस सुत्रका होइनन्, तिनीहरुलाई पनि मैले मेरो नजिक ल्याउनुछ र तिनीहरुले मेरो आवाज सुन्ने छन् : अनि त्यहाँ एक शुत्र र एक गोठालो हुनेछ' (यहुन्ना १०:१६)*

*एक शुत्र र एक गोठालो यी* धार्मिक अतिवादीहरुका शब्द होइनन् । यी त राम्रो गोठालोका शब्द हुन् । यी त प्रभुको भविष्यवाणी र घोषणा हो, जहाँ प्रभु भन्नुहुन्छ, 'मेरा भेडाहरुले मेरो आवाज सन्न सक्छन्, म उनीहरुलाई जान्दछु, र तिनीहरुले मलाई पछ्याउँछन् ।' (योहन्ना १०:२७)

यशखिष्टले संसारले देखेको सबैभन्दा भयान रुपमा बिभाजित धार्मिक समह मध्येको एक समहलाई यो प्रवचन सनाउन भएको थियो । प्रभले यो संसारमा एक शुत्र हुनेछ भन्ने स्पष्ट रुपमा अघि बढाउनुभएको थियो । जुन यहुदी मात्र नभइ गैर यहुदी, ती 'अरु भेडा'को पनि हुन्छ। यो प्रवचन प्यालेष्टाइनका पथभ्रष्ट र पतित यहुदीहरुका लागि बकबास मात्र थियो ।

तर के यी विभिन्न सम्प्रदायको वकालत गर्ने क्रिश्चियनहरुले प्रभुको सत्मार्गलाई सहीरुपमा स्थापित गर्न सक्कछन् । स्पष्ट रुपले सक्दैनन् । तिनीहरु कुन रुपमा पुराना यहुदी भन्दा फरक छन् ? तिनीहरु एकताको कुरा गऱ्यो भने त्यसलाई नकार्न र भ्रम फैलाउन अघि बढ्छन् । 'यो सब बकबास हो' उनीहरु भन्छन् । हुनै नसक्ने, हनै सक्दैन ! उनीहरु आफ्नो बिचारलाई बाइबलको आधारमा पुष्टि गर्न सक्दैनन् त्यसैले घृणित र काल्पनिक बिचारहरु द्धारा एक शुत्र र एक गोठालोको बिचार लाई बिचलित पार्न इन्टरनेटमा हजारौ सामाग्री राख्छन् ।

एक छिन् हामी प्रभुको बिचारलाई मानौं । यशुखिष्टका यी प्रवचनले हामीलाई एक शत्रमा बाध्न अत्यावश्यक यो सम्भव पनि छ भन्ने ज्ञान प्रदान गर्छ ।

'यो अत्यावश्यक छ' प्रभु भन्नु हुन्छ, 'उनीहरुलाई पनि मैले एक शुत्रमा ल्याउनु छ ।' यो संसारलाई एक शुत्रमा बाँध्ने प्रभुको बोझ प्रति कुनै पनि ती पतिति दुष्टआत्माहरुको औला उठ्न नपाओस् । ती पतित दुष्टआत्माहरु 'दुइ-पटकसम्म जरैदेखि उखेलिएका र मृत्यु भइसकेका' पुरानै रितिरिवाजमा बसे यशुखिष्टलाई एउटै शुत्रमा बाँधन चाहनुहुन्छ । प्रभुले ती अरु भेडाहरुलाई ल्याउनै पर्ने छ । एक शुत्रमा बाँध्नै पर्नेछ ।

*निश्चय* पनि, प्रभुभन्नुहुन्छ, 'त्यहाँ एक शुत्र र एक गोठालो हुनेछ ।' ट्वार-ट्वार गर्ने ती प्रध्यापकहरु जो यो एकता सम्भव छैन भन्छन् । तिनीहरुलाई बिभाजनको भ्रम फैलाउन दिउँ । एक शुत्र र एक गोठालो, यी धार्मिक अतिवादीहरुका शब्द होइनन्, यी त राम्रो गोठालोको आफ्नै शब्दहरु हुन् । तिनीहरु धार्मिका अन्धबिश्वास र अज्ञानतामा जानाजान फसिरहेका छन् । तर प्रभुको शक्ति अविनासी छ । त्यहाा एक शुत्र र एक गोठालो हुनेछ

र त्यहाँ यस्तै थियो । इजरायलीहरुको इच्छा बिपरित, चर्चको ढोका गैर यहुदीको लागि पनि खुला गरिएको थियो । धेरै मानिसहरु यस्तो थियो भन्ने कुरामा बिश्वस्त छन् । तर , फेरि सबै क्रिश्चियनहरुमा पहिलेकै जस्तो एकता हुनसक्छ भन्ने कुरा उनीहरु कल्पना पनि गर्न सक्दैनन् ।

के अब यो सोचाई तर्कपुर्ण छ कि प्रभुको शक्ति (जुन महान शक्तिले यहुदी र गैर यहुदीबीचमा अवस्थित पर्खाल भत्काउनु भयो) क्षय हुँदैछ ? के उहाँले आफ्ना सन्ततीहरुलाई एक शुत्र र एक गोठालोको मालामा आबद्ध गर्न सक्नु हुन्न ? के प्रभुको जातीय भेदभाव हटाउन सक्ने महान शक्तिले अब फरक सोच र असहमतिको पर्खाललाई भत्काउन सक्दैन ? प्रारम्भिक चर्च इशुखिष्टको महान शक्तिको प्रमाण थियो । एक शुत्र र एक गोठालोको सन्देशलाई संस्थागत गर्दै एकता सम्भव छैन भन्नेहरुको बिचारको खण्डन थियो ।

यशुखिष्टले आफ्ना मानिसहरुको एकताको लागि प्राथना गर्दथे । यसलाई कसले वेवास्ता गर्न सक्छ र ? यहन्ना -१७, पढ्नस् त । आफ्नो बाइबलको पन्न पल्टाउनुस् र इमान्दारिताको साथ यी प्रश्नहरुको जवाफ खोज्नुहोस् :

*के अनुयायीहरुबीच एकता सम्भव छ ?*

पक्का छ । उहाँ भन्नुहुन्छ 'परमात्मा, तपाईले मलाई दिनु भएका मानिसहरुलाई तपाई आफ्नै नाम दिनुहोस् ताकि उनीहरु उके शुत्रमा बाँधियन्.......म संसारमा छँदा मानिसहरुलाई तपाईकै नाम दिएको थिए........'( यहुन्ना १७:११-१२ )

यदि त्यतिबेला यशुखिष्टले तिनीहरुलाई एकताको शुत्रमा बाँध्नुभएको थियो र आफ्नो परमात्मालाई सोही कायम राख्न प्रार्थना गर्नु हुन्थ्यो भने, तपाई विश्वस्त हुन सक्नु हुन्छ कि यो एकता आज पनि सम्भव छ । यद्धपि हामी नास्तिक र अधर्मी भई प्रभुको मृत्यु भै सक्यो भन्ने साच्चै भने यो सम्भव छैन के यशुखिष्टले एकताको लागि गरेको प्राथना आज को मानिसको लागि पनि हो ? हो ' उहाँ भन्नुहुन्छ '

पेज १२

के यशुखिष्टले एकताको लागि गर्नु भएको प्राथर्ना आजको मानिसको लागि पनि हो ? हो ! उहाँ भन्नु हुन्छ ' मेरो प्रार्थना केवल यी मानिसहरुको लागि मात्र नभइ, ती बसै मानिसको लागि हो जो मेरा शब्दहरुमा विश्वास गर्छन्, र ती सबै एक हुन् ....( यहुन्ना २०:२१) त्यसैले, त्यो प्राथर्ना केवल प्रारम्भिक चर्चको लागि मात्र थिएन । धेरै धार्मिक गुट-उपगुट र सम्प्रादायको भ्रामक प्रचार सबै अनुयायीहरुको बीचमा एकता हुनुपर्छ भन्ने यशुखिष्टको इच्छा माथि शंका उत्पन्न गर्न सक्दैन ।

तपाईलाई विश्वस्त गर्न सकिन्छ कि उहाँले आफ्ना अनुयायीहरु बीचको एकतालाई हिजो र आज उत्तिकै महत्व दिनुहुन्छ ।

एकताको मापदण्ड के ? साधारणतया, 'जसरी प्रभु म मा हुनुहुन्छ म प्रभुमा छु त्यसरी नै ती मानिसहरु पनि हामीमा एक हुनेछन् ।' (यहुन्ना १७:२१)

हामी कुनै पनि धर्मशास्त्रीलाई यो एकतालाई टुक्राउन चुनौती दिन्छौं । यो बाइबलमा उल्लेख एकताको मापदण्ड हो । यो एकतालाई कसैले अस्वीकार गर्न सक्दैन । त्यसैले यशुख्रिष्ट र परमात्मा दुइ अलग धार हुन् । र उनीहरुको बीचमा टकराव भइ रहन्छ भन्ने अधर्मीहरुको भ्रामक प्रचार कसले सुन्ने ? र यो हाम्रो एकता प्रतिको प्रयासको बिपक्षमा रहेका मानिसहरुको चाल हो । यो हाम्रो प्रयासलाई प्रभको इच्छा विपरित भनि सत्यलाई बङ्ग्याइ प्रस्तुत गर्छन्, त्यो उनीहरुको झुठो बिचार हो ।

यो एकताको उद्देश्य के : बिशेषगरी यो , 'कि संसारले हामीलाई प्रभुले पठाउनु भएको भनि विश्वास गर्न सकुन् ।'(भर्स २१) र त्यो उनीहरुले विश्वास गर्नै पर्छ ।

एकता स्वर्गमा मात्र सम्भव छ र पृथ्वीमा छैन भन्ने कुरा त अन्तविश्वासमा पराकाष्ठा हो । स्पष्ट रुपले तपाई बाइबल पढ्नुहुन्न र त्यसमा विश्वास पनि गनु हुन्न । र यदि तपाई विश्वास गर्नु हुन्न भने, तपाईले क्रिश्चियन धर्मको प्रचार गर्न पुर्णरुपले बन्द गर्नुपर्छ । प्रभुको शुसमाचारलाई अविश्वास वा पुर्ण अस्विकार गर्दा उहाँ चिन्तित हुनुहुन्न । न त तपाईको चर्चका पादरीहरुदेखि नै ।

के तपाईलाई संसार हाक्ने एक गोठालो हुनुहुन्छ तर त्यहाँ एक शुत्र हुन सक्दैन भन्ने कुरा आफैमा विरोधाभाषपुर्ण लाग्दैन ? किन एकको विरोध अर्कोले गर्छन् ? यदि खिष्ट एक हुनुहुन्छ भने उहाँका मानिसहरु पनि, किनकी उहाा बिभाजित हुनुहुन्न ।

यी कडा शब्द हुन् । र त्यो हुन पनि पर्छ । किनकी हार्मा कडा भ्रम र अन्धविश्वासको सामना गर्दछौं । परमेश्वरको छोरोले प्रार्थना गर्नुभएको छ र उहाँ महान हुनुहुन्छ । उहाँले प्रभुका सुसमाचारलाई जोगाउनु भएको छ । तर धेरै वेभसाइटहरुले प्रभुको सुसमाचारलाई झुठो, हल्ला र भ्रमका रुपले प्रस्तुत गरि रहेका छन् ।

'उनीहरुको अविश्वासले परमेश्वरको विश्वासिलोपनलाई व्यर्थ तुल्याउँछ र ? कदापी तुल्याउँदैन । किन भने प्रत्यक मानिस झुठो भए पनि परमेश्वर सत्य हुनु हुन्छ ।' ( रोमी ३३:४)

मानिसहरु झुठा हुन सक्छनु तर प्रभु झुठो कहिल्यौ हुनुहुन्न । उहाँ एक गोठालो हुनुहुन्छ । राम्रो गोठालो जसले आफ्नो प्राण सबै भेडाहरुलाई दिनुभयो । त्यसैले 'उहाँले सारा संसार भर छरि एर रहेका प्रभुका सन्ततिहरुलाई एकत्रित गर्नु हुंन्छ ।'(यहुन्ना ११:५२)

आदरिणीय पाठक, तपाईले आज धेरै चुनौतीहरुको सामना गर्नुपर्नेछ । तपाई प्रभुका शब्दहरुमा विश्वास गर्नुहुन्छ कि मानिसका शब्दहरुमा ? तपाई यशुख्रिष्टका प्रार्थनाहरुमा विश्वास गर्नुहुन्छ कि ती अधर्मी प्रचारकलाई, जो प्रभुको पार्थनाको खण्डन गर्छन । के तपाई साहस गरेर यी धेरै सम्प्रदायहरुको बीच प्रभुको आफ्नै मार्ग पच्छ्याउन सक्नु हुन्छ ? प्रभुको शब्द तपाईको मुल्याङ्कनमा आधारित छ ।

# संवेदना



**रोजेष्टर, इण्डियानाका ब्रदर रिचार्ड एल, हर्सवर्जरको** देहान्त जुन २९, २००९ सोमबारको पुन्य तिथिमा भयो । उहाँको जन्म जनवरी १४, १९५४ मा इण्डियानको वार्समा भएको थियो । ब्रदर हर्स २००२ मा सन्तहरुको संगतमा आउनुभएको थियो र चाँडै परमेश्वरसँग उभिन पुग्नुभयो । उहाँ प्रभुको प्रवचन मन पराउनु हुन्थ्यो र प्रभुको सुसमाचार सुन्न देशभर जानु हुन्थ्यो । उहाँ सन्तहरुलाई माया गर्नु हुन्थ्यो र उहाँलाई पनि सबे सन्तले मन पराउँथे । उहाँको आफ्नो जीवनको प्रमाणहरु लागि उहाँलार्य सधै सम्झिने छ ।

धार्मिक र विश्वासिलो जीवन बिताउन भएकोले उहाँले आज जीवनको मुकुट लगाउन भएको छ ।

## सम्प्रदायिकरण अग्निमा



जर्ज फक्स १६२४:९१

म बिभाजनकारीहरुको माझमा थिए, तर म मा प्रभुको शक्ति थियो । त्यसैले म केही सिडी चढे र एक पादरीलाई सोधे, 'के तपाई यो घरलाई चर्च भन्नुहुन्छ ? वा यो विभिन्न बिभाजित समुहहरुलाई चर्च भन्नु हुन्छ ?'

उसले मलाई उत्तर दिनको सट्टा सोध्यो , त्यसो भए चर्च के हो ? मैले भने चर्च भनेको त सत्यताको धर्तिमा उभिएको, जीवित ढुङ्गाहरुले बनेको स्तम्भ हो । चर्च त्यो आध्यात्मिक घर हो जसको प्रमुख परमेश्वर हुनुहुन्छ । चुना र काठले बनेको यो पुरानो घर चर्च होइन ।

यसकुराले उनीहरु सबै आक्रोशित भए । पादरी आफ्नो सिंहासनबाट उठे र अरु आफ्नो कुसीबाट ।

त्यसपछि म एक महान धर्मशालाा गएँ र त्यहाँका पादरी र प्राध्यापकहरुसँग छलफल गरें । उनीहरु सबै आक्रोशित भए । तर म मेरो चर्चको व्याख्यामा अडिग रहे र यी अधर्मीहरु पलायन नभएसम्म परमेश्वरमा ध्यान लगाएँ ।

जब मलाई परमेश्वरले यस धर्तिमा प्रभुका सुसमाचारहरु बाँड्न पठाउनु भयो, म धेरै खुशी भएँ । प्रभुले मलाई यी गलत बाटामा लागेका मानिसहरुलाई प्रभ□कै सत्मार्गमा फर्काउन पठाउनुभयो । यो सही र सच्चा मार्ग थियो । मैले तिनीहरुलाई पुरानो घररुपी चर्चबाट निकालेर परमेश्वरको चर्चमा लगे जसको प्रमुख स्वयम् परमेश्वर हुनुहुन्छ ।

मैले उनीहरुलाई यी सांसारिक गरुहरुबाट टाढा परमेश्वरको शरणमा लगु, जो सत्य हुनुहुन्छ, जो जीवन हुनुहुन्छ । यी सांसारिक पुजाबाट बाहिर लगि आफुभित्र रहेको आध्यात्मिक सत्यलाई बुझी सही परमेश्वर को भक्तिमा लगाएँ । त्यहाँ तिनीरुले यी सांसारिक पुजा अर्थहिन रहेको कुरा थाहा पाए ।
मैले गलत धर्ममा फसेका मानिसलाई सही र सत्य धर्मको अर्थ बुझाउनु थियो । मैले उनीहरुलाई कुनै शक्ति नभएको सांसारिक प्रार्थना, भजन, गीतबाट बाहिर निकाली अविनाशी परमेश्वरको भक्तिमा लगाउनु थियो । त्यहाँ उनीहरु सत्य परमेश्वरको प्रार्थना गर्नेछन् । उनीहरु साझ यशुख्रिष्टका मधुर भजनहरु आफ्नो हृदयमा महसुस गर्नेछन् ।
मैले मानिसहरुलाई यहुदीहरुको समारोहहरु सांसारिक बनावटी सिद्धान्तहरुबाट निकाल्नु छ । मानिसलाई यता-उता, एक सम्प्रदायिबाट अर्को सम्प्रदाय र उनीलाई गरिबी र अभावको संसारबाट मिसिनरी स्कुल र कलेजमा लगि यशुखिंष्टमा झुठा प्रचारक बनाउँछन् । बास्तबमा त्यो उनीहरुको आफ्नै प्रचार हो । त्यो यशुखिष्टको होइन । उनीहरुले सन्तका समयदेखि संस्थागत गर्दै आइरहेका सम्पुर्ण अकृति र बिम्ब, झुठा रितिरिवाज असत्य छन् । परमेश्वर शक्ति मात्र सत्य छ ।

### दयालु आत्महरुलाई निमन्त्रण

निन्द्रालाई चिरेर निक्ल र सबैभन्दा अगाडी बढ
परमेश्वरको मयावी हाततिर लम्क
यो राज्यमा प्रभुले निसाफ गरिरहनुभएको छ
बेबिलनबाट दुष्टआत्मा डगमगाइरहेका छन् ।

अधर्मीहरुलाई प्रभुले दिक्षित बनाउदै हुनुहन्छ
प्रभुको ज्योतिर्मय शक्ति अगाडी उनीहरु नतमस्तक छन्
प्रभुले दुष्ट पादरीहरु र खराव सन्देश दिनेहरुलाई भष्म पार्दै हुनुहन्छ
खबरदार ! सम्प्रदायिकता नाममा दुष्प्रचार गर्नेहरु हो !

प्रभुको दुतहरुले बोलाइ रहेका छन् र असिना बर्साइरहेका छन्
तुरहीको धुन सुन ! समय तिम्रो हातमा छ
त्यो उच्च संकेतको गोचर हुनेछ, र त्यो अहिले पनि अस्तित्वमा छ
उनीहरु आउने छन् प्रभुका सन्तानहरु

पर्वदेखि पश्चिमसम्म दक्षिणदेखि उत्तरसम्म सन्देश चारैतिर फैलिर हेछ
र पवित्र आत्महरुले प्रभुको आग्रह आत्मसात गरिरहेछन्
ए क्रिश्चियन मित्रहरु अब हामी एकछ्रा होऔं अब हामी छरिएर र हन सक्दौनौं
न्ययका लागि एका हौं र बाबेलको बिरुद्ध उभियौं
सिस्टर वरन बनट्रेगर

# भेलाको प्रतिवेदन



**ओहियो** : जुन ६-१४, २००९ को ओहिओ अन्तर्राष्ट्रिय भेलाको बर दानलाई शब्दमा व्यक्त गर्न सकिदैन । हामी त्यो समारोह हेर्न पाउँदा गौरवान्भित र हर्षित भएका थियौं । हाम्रो मन खुसी र सत्यले गदगद भएको थियो ।
हामी यो दृढताको साथ भन्न सक्छौं कि प्रभु आफै पनि आफ्ना भक्तहरुको समारोहमा भ्रमण गर्नं हुन्छ र तिनीहरुलाइ बरदान दिनुहुन्छ । उहाँ आफ्नो सत्य र शक्ति हाम्रो साँझको प्रार्थना मार्फत् हामीलाई प्रदन गर्नुहुन्छ ।
त्यो भेलाको सुरुदेखि नै त्यसमा परमेश्वरको दृष्टि परेको थियो र उहाँ आफ्ना सन्तहरुलाई वरदान दिइ रहनु भएको थियो । प्रत्येक बर्ष पहिलेको बर्षको भन्दा बढी शक्ति र खुशीयाली उहाँले बाँड्नु हुन्छ किनकी प्रभुले आफ्नो चर्चलाई आफ्नै मार्गमा फर्काइ रहनु भएको छ हामी सबै सत्यको पुजारीलार्य उहाँ आई आफैं हेर्न आग्रह गछौं । त्यो भेलाको वातावरण स्वर्गीय थियो ।
पादरीहरुले गहिराइबाट प्रवचन गरिरहेका थिए । ती विभाजनकारीहरु सहयोग माग्दै थिए र परमेश्वरले तिनीहरुलाई बचाउनुभयो र मुक्ति दिलाउनु भयो । विभाजनकारीहरु एक शुत्रमा बाँधिए र उनीहरु परमेश्वर को पथमा एक हुन पाउँदा साँच्चै एकदमै खशी व्यक्त गरि रहेका थिए ।
भेलामा ११०० भन्दा बढी मानिसहरुको उपस्थीत थियो । प्रत्ययेक बर्ष यस प्रकृतिको भेलामा टाढा र नजिकबाट आउने मानिसको भिड बढिरहेको कछ । हरेका दिन बच्च र युवाहरुलाई कक्षा संचालन गरिदैछ । सयौं स्रोताका रुपमा उपस्थित भएका थिए । ३२ को न्वरान गरिएको थियो र ७०० जति चरन पखाल्ने काममा लागेका थिए । अरु धेर दर्शकका रुपमा आएका थिए
त्यहाँको भजनहरु प्रभावित र आर्कष्ति गर्ने खालका थिए । यो भेलामा पाईएको सहयोग लामो समयसम्म सम्झिने छ र अमरत्वले यस भेलाबाट प्राप्त फललाई बयान गर्नेछ ।
ब्रदर डेनियल लेइन ।

**फिलिपिन्सः** हामी परमेश्वरलाई फिलिपिन्समा भएको बिभिन्न भेलाको लागि धन्यवाद दिन्छौं । (जनवरी ९-जुन २) दश जना सन्तहरुको समुह ( ब्रदर जन स्ट्रिन, बेन्जामिन टोभष्टिगा, रुडोल्फ विकर, अवी वरजर, जनी ओ, सिया, डेविड स्ट्रिणु र सिस्टर साराह सिट्रणु, एलिजावेथ ओ, सिया, मोर्गन स्कट, एलिजावेथ टोभस्टिमा)
जनवरीमा फिलिपिन्स आउनुभयो । यस सुसमाचारका ६ जना सदस्य अप्रिल ८ मा उत्तर अमेरिका जानुभयो र ४ जना जुनसम्म यही बस्नुभयो ।

फेब्रवरी १८-२७ सम्म हामीसँग उत्तर अमेरिकाबाट अर्को सुसमाचारको समुह बस्नु भयो । उहाँहरु मिसिनरीको श्रमिकहरुलाई सहयोग गर्न आउन भएको थियो ।

हाम्रो मुख्य केन्द्र सन जोस शहरको निएभा एकिजामा थियो तर हामी पटक-पटक लजोन र नजिकका अरु टापुहरुमा भेला र भाइचार फैलाउन भ्रमण गरी रहन्थ्यौं । हाम्रो धेरै भ्रमणमा मिनडानोका सिस्टर चेरी प्याक्युनिक्स पनि हामीसँगै हुनुहुन्थ्यो ।

फिलिपिन्स छोड्नु अघिको अन्तिम आइतबार, १८ जना सन्तहरु आफ्नो पापको मृत्यपछि पुनजिवित भए । यी सन्तहरु वालवालिका लगायत बुढासम्म थिए ।

परमेश्वरले हाम्रो फिलिपिन्स बसाइलाई उपलब्धीपुर्ण बनाएको हामीले महसुस गर्‍यौं र फिलिपिन्सलाई देवताको राज्य बनाउन धेरै हदसम्म सफल भयौं । मानिसको आत्मालाई जोगाउन सफल भयौं । र त्यहाँको हाम्रो यात्रा सफल र हयो । परमेश्वरको यस्ताहरुलाई अझ बढी आवश्यकता छ ।

ब्रदर बेन्जामिन टोभसटिगा

**वोलिभिया र पाराग्वेः** जलाई ५-१८ सुसमाचार पण्डिलीसँग वोलिभिया जान पाउँदा आफुलाई गौरवान्भित भएको महसुस गरें । व्यस्त शहर सान्ताक्रजकोव्यस्त सडकहरुमा दुइवटा सडक भेलाको आयोजना गरियो जहाँ धेरै मानिसहरु भेला भएका थिए । जव गीतहरु जर्मन र स्पानिस भाषयामा गुञ्जन थाले ती ध्वनीहरु स्वर्गबाट आएको आभाष हुन्थ्यो । गाडी चालकहरु बाटा-बाटामा गाडी रोक सुमधुर संगित श्रवण गर्न थाले । त्यो दिन सन्तहरुले गीत गाउछन् भन्ने थाहा पाएर टाढा टाढाबाट मानिसहरु हाम्रो संगित सुन्न केही पुर्व एक महिला लामा् यात्रा गरेर आएकी थिइन् र उनले ती संगितमा भएका सन्देशहरु हृदयसम्म पुग्नेगरी श्रवण गरिन् ।

चिहुवाहवा कोलोनीमा भएका अधिकाशं भेलाहरुमा उत्साहजनक सहभागीता हुन्थ्यो । उनीहरुले हाम्रो प्रवचनलाई ध्यानदिएर सुने

र प्रभुको चर्च अफ गड स्थापना गर्न आतुर भए र उनीहरुबीचमा एउटा समुह पनि बनाए ।

पुर्व उपस्थितहरु दोहोर्‍याएर आउन थाले भने नव उपस्थितिहरुको उत्साहरुजनक सहभागिता हुन्थ्यो । बालबालिका र युवाहरु बिशेषत 'गोस्पेल ट्रम्पेट'को संगितमा मन्त्रमुग्ध भएको पाइयो । हामीहरु वोलिभिया हुदै पाराग्वेका बिभिन्न कोलोनीहरुमा गयौं । वोलिभियामा जस्तो पाराग्वेमा पनि उस्तै वाइवल प्रति उत्साहित मित्रहरु पायौं ।

एउटा स्थानिय गरीब गाउँमा हामी र ोकियौं र उनीहरुकै भाषामा गीन गाउन अनुमति माग्यौं । उनुमति पाउन धेरै गार्‍हो भयो तर जव हाम्रो संगित उक्त गाउँमा गुञ्जियो तब धेरै मानिहरु आए । उनीहरुले उत्साहजनक तरिकाबाट सहभागिता जनाए अनि संगितलाई श्रवण गरे । त्यस उपस्थितिले यो स्पष्ट पार्छ कि तिनीहरुले सोचे भन्दा बढी संगितबा आनन्द प्राप्त गरे । संगित पश्चात्, अभिभावकहरुले आफ्नो विरामी सन्तानहरुको लागि प्रार्थना गर्न अनुरोध गरे । गोस्पेल ट्रम्पेटको ट्र्याकको लागि बालबालिकाहरु यति आतुर देखिन्थे कि लाग्छ हामी उनीहरुलाई चकलेट, क्याण्डी बाडिरहेका छौं ।

पाराग्वे बसाईको अन्तिम दिन हामी मोनोनाइट विश्व सम्मेलनमा सहभागी भयौं । हामी को हौं भनेर विश्वभरिका सहभागीहरुबाट सोधपुछ गरियो । यहाँका खेतहरु अन्नले सेताम्य छन् र वाली काट्ने बेला भएको छ । यहाँका खेतहरुमा सुसमाचारको अन्न लटरम्म भएर फुलेको छ । उक्त अन्नका बिउहरुमा प्रभुको आर्शिवाद प्राप्त हुनेछ ।

ब्रदर इसाक थासिन

# आउने भेलाहरु

## ओहायो
## फेब्ररी १ - ७
## क्यालिफोर्निया
## मार्च १५-२१
## जर्मनी
## अप्रिल २ - ८

# सम्पर्क

**आलास्का, अमेरिका:** ब्रदर र सिस्टर सिम्स (९०७) ३७६-७१३३

**क्याललिफोर्नीया , अमेरिका:** ब्रदार दानियल ल्यान (९०९) ९८५-५७५९

**इन्डियाना, अमेरिका:** ब्रदर स्टिभ हारग्रेभ (२६०) ४३३-७६३७

**ओहायो, अमेरिका:**

*ग्रिन भाएल:* ब्रदर राय टिन्स म्यान (९३७) ५४८-७३७३

*बेनटन:* ब्रदर दानियल इचेलब्रगेर (३३०) ६७४-२९८७

**ओक्लाहामा, अमेरिका:** ब्रदर टोम वेल्स (४०५) ३५४-७६१२

**टेक्सास, अमेरिका:** ब्रदर जोनी फ्रिसेन (९०३) ३७८-३०९७

**ओन्टारियो, क्यानाडा:** ब्रदर हेनरी हिल्डर ब्याण्डडेट (५१९) ७६५-२३३१

**जर्मनी:** ब्रदर अलेक्जेन्डर खाम (०५३७२) ६७६६

**मेक्सिको:** *ब्रजाज क्यालिफोर्निया:* मिसन हाउस (६४६) १७३-६४६४

www.churchofgod.net